धुलिखेल नगरसभाको नवौं अधिवेशनमा नगर प्रमुख
श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट
## मिति २०७८ असार ७ गते

# धुलिखेल नगरपालिका
## Dhulikhel Municipality
## नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# धुलिखेल नगरपालिकाको नवौं नगर सभामा नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको बजेट नीति तथा कार्यक्रम

**स्वास्थ्य तर्फका कार्यक्रमः-**

1. गत वर्षबाट नगरपालिकाले लिएको **स्वास्थ्य शहर अभियान** लाई साकार तुल्याउन नागरिक स्वास्थ्यका बहुआयामिक समस्याहरुको यथार्थ वस्तुस्थिति विश्लेषण गरी सो को अधारमा उपयुक्त कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। यस अभियानलाई राष्ट्रिय पहिचान दिन संघ तथा प्रदेश सरकारसंगको सहकार्य प्रवर्धन गरिनेछ।
2. **"रोग बिरुध्दको चेतना ब्यक्ति ब्यक्तीमा, रोगको उपचार बस्ती बस्तीमा"** अन्तर्गत वडा तथा बस्ती स्तरिय हरेक महिला स्वयं सेविकाको नेतृत्वमा वटा स्वास्थ्य जागरण समुह गठन गरि स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।
3. **स्वास्थ्य सेवा स्तरिकरण** गर्न प्रत्यक स्वास्थ्य संस्थामा अक्सीजन सेवा सहित २ वटा बेड ब्यवस्था गरिने छ।
4. कोभिड-१९ को महामारीको अग्रपंशक्तमा रही उत्कृष्ट सेवा प्रदान गने स्वास्थ्यकर्मीलाई **"कोरोना योध्दा पुरस्कार"** तथा पदक को व्यवस्था गरिनेछ।
5. **"स्वास्थ्य बीमा नगरको जिम्मा"** अन्तरगत जेष्ठ नागरिक, महिला स्वास्थ्य सवयं सेविका तथा अपांग नागरिकहरुलाई नगरले प्रिमियम तिरी स्वास्थ्य बीमामा आबद्ध गराइनेछ।
6. **"पोषण स्वास्थ्यमा नगरको अग्रता, बाल बालिका र महिलाको सहभागिता"** कार्यक्रम अन्तरगत महिला तथा वालबालिकाको पोषण सुधार कार्यक्रम सञ्चालन गरिने छ।
7. **"धुलिखेल नगर, धुवाँ मुक्त शहर"** कार्यक्रम अन्तरगत दाउरा बालेर खाना बनाउने घर परिवारमा दाउरा प्रतिस्थापन गरी बैकल्पीक उर्जा प्रवर्धन गर्न विद्युतीय चुलो बितरण गरिने छ।
8. **"बिपदमा नगरपालिकाको साथ"** कार्यक्रम अन्तरगत कोभिड-१९ को संक्रमण तथा प्राकृतिक बिपद्का कारण ज्यान गुमाएका नागरिकहरुको परिवारलाई कृया तथा सदगत खर्च वापत प्रति मृतक रु १५०००।०० उपलब्ध गराइने छ।
9. नगर क्षेत्रका कोरोना प्रभावितहरुका लागि **"नि शुल्क एम्वुलेन्स सेवा"**को निरन्तरता दिइने छ।

10. सबै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरी सेवा संचालनमा प्रभावकारिता वृद्धि गरिनेछ।

11. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गरिनेछ। "अत्यावश्यकीय औषधी तथा उपकरणको" अभाव हुन नदिई सहज आपूर्तिको व्यवस्था मिलाइनेछ।

12. **"समुदायमा कोरोना नियन्त्रण कार्यक्रम"**मा कोरोना भाइरस (कोभिड १९) को संक्रमण अवस्थामा स्वाब संकलन तथा केश पहिचान कार्यमा तिव्रता दिईने, संक्रमितहरुलाई नियमित औषधि तथा परामर्शको प्रवन्ध, परिवारमा अलग्ग बस्ने सम्भावना नभएका विरामीको आइसोलेशनमा राखी स्वस्थ्यकर्मी नियमित निगरानी गर्दै कोरोना रोकथाम सेवा प्रभावकारी बनाइने छ।

13. **"कोभिड १९ नियन्त्रणमा सहकार्य"** अन्तरगत कोभिड १९ को संक्रमण तत्काल निर्मूल नभई लामो समयसम्म रहन सक्ने संभावनालाई दृष्टिगत गर्दै यसको संक्रमणलाई न्यूनीकरण गर्न नेपाल सरकार तथा विश्व स्वास्थ्य सँगठनको प्रोटोकल अनुसारका सामाजिक दूरी लगायत अनुशासन पालनाका लागि स्थानीय सञ्चार माध्यम, नागरिक समाज, सामाजिक अभियन्ताहरू, निजी, सरकारी तथा गैरसरकारी संस्थाहरू लगायतका सरोकारवालाहरुसँगको सहकार्यमा समुदाय स्तरमा सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।

14. कोभिड पछिको समयमा बाल बालिका तथा अन्य नागरिकमा कुपोषणको प्रभाव पर्न नदिन **"पोषण बिशेष कार्यक्रम"** सञ्चालन गरिने छ।

15. प्राकृतिक प्रकोप तथा महामारीको समयमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीको उच्च मनोबल कायम राख्न प्रोत्साहनको व्यवस्था गरिने छ।

16. नगर स्वास्थ्य केन्द्र र क्लिनिकमा विशेषज्ञता सेवा सहित आधुनिक प्रयोगशाला सेवा विस्तार गरिनेछ।

17. स्वास्थ्य जनशक्तिको अभावमा स्वास्थ्य सेवा अवरुद्ध हुन दिईने छैन। धुलिखेल अस्पताल लगायत संगको सहकार्यमा **"बिषेशज्ञ घुम्ती स्वास्थ्य शिविर"**हरु संचालन गरीने छन्। स्वास्थ्यकर्मीहरुको सेवाको निरन्तरताको अनुगमन गरिने छ।

18. बाल स्वास्थ्यका थप कार्यक्रमहरु सञ्चालन गरी बाल सुरक्षा तथा बाल बिकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

19. सबै नगरवासीहरुलाई आगामी वर्ष भित्र **"कोरोना विरुद्धको खोप"** उपलव्ध गराउन अधिकतम प्रयत्न गरिनेछ।

20. संघीय सरकारको सहयोगमा काभ्रे भज्याङमा निर्माणाधीन नगर अस्पताललाई **"सरुवा रोग तथा डाइलासिस"** अस्पतालको रुपमा विकास गरिने छ।

21. **"मानसिक रोग तथा मनोसामाजिक परामर्श"** कार्यक्रम विभिन्न गैर सरकारी संस्थाहरु संगको सहकार्यमा संचालन गएकोमा सो को निरन्तरता दिईनेछ।

22. **"स्वास्थ्यको लागि व्यायाम"** कार्यक्रममा जोड दिदै पार्कहरुमा खुल्ला व्यायामशाला फिटनेश पार्क निर्माण कार्यलाई निरन्तरता दिईने छ।

23. नगरपालिकावाट संचालित **"हाम्रो स्वस्थ्य हाम्रो सरोकार"** रेडियो कार्यक्रमलाई आगामि आ.व. मा पनि निरन्तरता दिईनेछ। यसवाट नगर तथा आसपासका ४० वटा जिल्लामा स्वस्थ्य सम्बन्धि कार्यक्रमहरु र स्वस्थ्य शिक्षा जनस्तरसम्म पुराउँनका लागि महत्वपुर्ण भूमिका खेल्नेछ।

24. **"आयुर्वेद सेवा विस्तार"** सँगै जिर्ण रोगीहरुको लागि स्नेहन स्वेदन तथा सिरोधारा कार्यक्रमको प्रर्वद्धन गरिनेछ। साथै आयुर्वेद सेवा थप वडाहरुमा बिस्तार गरिने छ।

25. नागरिकहरुको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागि परम्परागत तथा आयुर्वेदिक चिकित्सा पद्धति तथा योगको प्रवर्धन गर्दै **"स्थानीय जडीबुटी तथा औषधीजन्य खाद्य पदार्थको प्रवर्धन"** उत्पादन, र उपभोगका लागि प्रोत्साहित गरिने छ। जडिबुटी खेतीलाई प्रोत्साहन गरिने छ।

26. धुलिखेल अस्पतालबाट स्वस्थ बीमा कार्यक्रमबाट प्राप्त सेवा सुविधा प्राप्तिको लागि सहजीकरण गर्न अस्पताल्संगको समन्वयमा स्वस्थ बिमा सहजकर्ताको व्यवस्था गर्न पहल गरिनेछ।

27. उपरोक्त नीतिहरुको कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारको सशर्त अनुदानका अतिरिक्त नगरपालिकाबाट थप रु एक करोड वजेट विनियोजन गरेको छु।